मुख्यमन्त्री

गण्डकी प्रदेश, नेपाल

# शुभकामना

हरेक वर्ष माघ १ गतेका दिन मनाइने नेपाली संस्कृति भित्रको एक महत्त्वपूर्ण चाडका रूपमा रहेको माघे संक्रान्ति/माघी पर्व- २०७५ का अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीवहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यस पर्वलाई विशेष गरी मगर समुदायले माघे संक्रान्ति, थारू समुदायले माघी पर्व तथा अन्य समुदायले मकर संक्रान्तिका रूपमा मनाउँदै आइरहेको पाइन्छ ।

नेपालमा विभिन्न जातजातिले मनाउने यस्ता मौलिक चाडपर्वहरूले सामाजिक सद्भाव एवम् सांस्कृतिक सहअस्तित्व अभिवृद्धि गर्दै विभिन्न समुदाय र सम्प्रदाय बीचको एकतालाई दरिलो बनाउँदै हाम्रो राष्ट्रिय एकतालाई सुदृढ गर्न मद्दत पु-याउँदै आइरहेका छन् । यस पर्वले गण्डकी प्रदेशमा रहेका सबै जातजाति, भाषा, संस्कृतिका समुदायहरूका बीच आपसी सद्भाव प्रगाढ बनाई आर्थिक र सामाजिक रुपले समृद्ध प्रदेश निर्माण गर्न प्रेरणा प्रदान गर्ने विश्वास समेत लिएको छु ।

२०७५ पौष ३० गते सोमबार ।

(पृथ्वी सुब्बा गुरुङ)